संघीय संसद
राष्ट्रिय सभा
# दिगो विकास तथा सुशासन समिति

(नेपाल सरकारले अख्तियार गरेको दिगो एवं सन्तुलित विकास र सुशासन प्रवर्द्धन सम्बन्धी)

संसद भवन, सिंहदरबार,
काठमाण्डौं, नेपाल

पत्र संख्या :- २०७६।०७७
च.नं. :- २९६

मिति- २०७७/०१/१६

श्रीमान मुख्य सचिव ज्यू

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

सिंहदरवार,काठमाडौ

विषय - निर्देशन कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत विषयमा यस समितिको मिति २०७७/१/१२ गतेको समिति बैठकको निर्णय अनुशार देहाय बमोजिमको निर्देशन कार्यान्वयनको प्रयोजनार्थ प्रेषित गरिएको व्यहोरा निर्देशानुशार अनुरोध गर्दछु।पुनश्च प्रदेश स्तरका तथा स्थानीय स्तरका जनप्रतिनिधिहरुलाई कोरोना कहरको अवस्था सम्बन्धमा समन्वय गर्दा प्राप्त हुन आएका विवरण एवं जानकारी समेत यसै पत्रसाथ संलग्न गरि पठाइएको छ।

- संघीय सरकारको क्रियाशिलतामा प्रदेश र स्थानीय सरकारसंग समन्वय गरि कोरोनाको महामारीबाट जोगाउन बिशेष गरि संक्रमण सघन रहेका सुदुरपश्चिम , प्रदेश नं. १ लगायत अन्य स्थानहरुमा परीक्षण किट,स्वास्थ्यकर्मी लगायत स्वास्थ्य सामग्रीहरुको कमी देखिएकोले माग अनुशार प्राथमिकताकासाथ तुरुन्त उपलब्ध गराउने।
- भारत लगायत अन्य मुलुकमा रहेका नेपालीहरुको अवस्था सम्बन्धमा यथाशीघ्र जानकारी लिइ नेपाली नागरिकमैत्री स्वास्थ्य शुरक्षा र गाँसवासको प्रबन्ध मिलाइ कोरोना जोखिम शुरक्षणको लागि कूटनैतिक र कार्यगत एवं संस्थागत प्रवन्ध मिलाउने।
- राहत वितरण प्रणाली र प्रक्रियालाई मापदण्डमा आधारित बनाउने । राहत वितरण गर्दा गुणस्तर,पहुंच ,आवश्यकता ,पारदर्शिता र सहज प्राप्ति जस्ता न्यायोचित पक्षमा ध्यान दिने।
- अन्तराष्ट्रिय एवं राष्ट्रिय परिवेश समेतलाई मध्यनजर गर्दै संक्रमणबाट जनस्वास्थ्यमा प्रतिकुल असर नपर्ने गरि लकडाउनलाई विस्तारै खुकुलो वनाउने र उत्पादनमूलक एवं सेवामूलक गतिविधि सञ्चालन गर्न वातावरण तयार पार्ने।

☎ ९७७-०१-४२००६८४,४२०००९७ 📠 ४२००२४०, URL:- http://www.parliament.gov.np, E-mail:- digocommittee@parliament.gov.np

- सार्वजनिक मिडियाहरुमा आएको सरकारको गतिबिधिप्रति समितिको गम्भिर ध्यानाकर्षण भएको सन्दर्भमा सरकारको भूमिकालाई पारदर्शि ,जवाफदेहि ,बस्तुपरक र सामाजिक न्याय एवं मानव अधिकारको संरक्षण जस्ता सुशासनका मूलभूत मान्यतामा केन्द्रित गराउने ।
- लकडाउनको समयमा शुरक्षात्मक गतिबिधिलाई सचेतनामूलक, शान्ति ,शुरक्षा र मानव हित अनुकुल बनाउन आवश्यक समन्वयको भूमिका निर्वाह गर्ने साथै शुरक्षाकर्मीको मनोवल उच्च राख्न प्रोत्साहनका प्याकेज ल्याउने ।
- जनस्वास्थ्यमा संवेदनशिल बन्दै वाह्य संक्रमण एवं सघन संक्रमणका स्थानहरुमा लकडाउनलाइ यथाबतै राखी कोरोना जोखिम न्यून भएका क्षेत्रमा उत्पादनमूलक र सेवामूलक कार्यलाई नियमित गर्ने ।
- कोरोना कहर मानव जातीको साझा दुस्मन भएको सन्दर्भमा आइसोलेसन वार्ड,क्वारेन्टाइन र संक्रमित मानिसहरुको अवस्था सम्बन्धमा निगरानि पक्षमा जोडदिने ।
- स्वास्थ्य मन्त्रालयले सामग्री खरिद गर्दा अनियमितता भएको सम्बन्धमा सार्वजनिक मिडियाहरुमा गुनासो आएकोले सत्यतथ्य प्रतिवेदन तयार गर्न लगाइ सो को प्रति समितिलाई समेत उपलब्ध गराउने प्रयोजनको लागि आवश्यक समन्वय गर्ने ।
- मौलिक हकको रुपमा प्रत्याभूत खाद्य शुरक्षालाई जोखिमको यस घडीमा श्रमिक एवं गरिव नागरिकहरुको सहज पहुँचको सुनिश्चितताको लागि तत्काल सुव्यवस्था गर्ने ॥
- स्वास्थ्यकर्मीको शुरक्षा ,प्रोत्साहन ,क्षमता विकास जस्ता पक्षमा जोड दिदै क्वारेन्टाइनको सम्बन्धमा स्पष्ट मापदण्ड बनाउने ।

निर्मलादेवी लामिछाने(वस्ती)
समिति सचिव